नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/२० गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं सहितको संयुक्त अनुगमन टोलीले भोटेकोशी बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय/ अनुगमन स्थलको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | राधा स्वामी सत्सङ्ग सामाखुसी, काठमाडौं | • तयारी चाउचाउ, बिस्कुट, दालमोठ, बिस्कुट, चक्की आटा, हुलास पिठो, ताइचिन चिउरा, सोयाबिन मस्यौरा, सोयाबडी, मुसुरोदाल, सातु, सातु, सोयाबिन तेल, सोया चंक, सोयाबिन मस्यौरा, भुजा, र प्याक गरीएको प्रशोधित पिउँने पानी राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो।<br>• तिरुपती बालाजी फ्लोर मिल बाराबाट उत्पादित महालक्ष्मी ब्रान्डको चक्की आँटा पाँच (५) केजीको एक (१) प्याकेट उपभोग्य मिति समाप्त भएको पाइयो।<br>• अन्य सामाग्रीको अवस्था सन्तोसजनक पाइयो। | • विवरणमा उल्लेख भएको चक्की आटा पाँच (५) के जि को एक (१) प्याकेट अस्वीकार गरी छुट्टै expired zone मा राखियो, थप अनुसन्धानको लागि सोधपुछ गर्दा बिक्रेताको श्रोत पत्ता नलागेको।<br>• खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| २. | शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल, काठमाडौं | • चामल, बिस्कुट, चिउरा, सोयाबिन, ग्लुकोज-डि, नमकिन, दाल, प्र. सुर्यमुखी तेल, सोयाबरी, चाउचाउ र प्याक गरीएको प्रशोधित पिउँने पानी राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो। | • खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| **अनुगमन गरिएको राहत सामग्री राखिएको स्थान कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/२२

# अनुगमनका केहि झलकहरु











